# "त्रिपुरासुन्दरी गाउँपालिकाको कक्षा तथा तह घटाउने, विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१"

शिक्षा, युवा तथा खेलकुद शाखा ,
त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ

प्रमाणित
मिति: २०८१/१२/०८

प्रस्तावना: यस त्रिपुरासुन्दरी गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक र विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज), र त्रिपुरासुन्दरी गाउँपालिकाको शिक्षा नियमावली २०७७ को दफा १६ (३) ले दिएको अधिकार बमोजिम यो कक्षा घटाउने तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "त्रिपुरासुन्दरी गाउँपालिकाको कक्षा तथा तह घटाउने, विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिबाट त्रिपुरासुन्दरी गाउँपालिकाभर लागू हुने छ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "आधारभूत तह" भन्नाले विद्यालयको प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ८ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ लाई सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले नेपाल सरकार वा गाउँ पालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, विद्यालय सहायक, विद्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्वीपर (सरसफाईकर्मी) लाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यविधि" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका धादिङको कक्षा घटाउने, विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८० सम्झनु पर्छ।

(छ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले नियमित राहत अनुदान तथा विद्यालयमा नेपाल सरकारको अनुदानबाट तलब भत्ता खाने कर्मचारी समेतलाई जनाउँछ।

(ज) "गाउँपालिका" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ सम्झनु पर्छ।

(झ) "गाउँ शिक्षा समिति" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(ञ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको कामकाज गर्न जिम्मेवारी लिएको शिक्षकलाई सम्झनु पर्छ।

(ट) "बालविकास" भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूको शिक्षा र विकासका लागि सञ्चालन भएको कक्षा सम्झनु पर्छ।

(ठ) "बालविकास शिक्षक" भन्नाले बालबिकास केन्द्र वा कक्षामा नियमित अनुदान पाउने गरी नियमानुसार नियुक्ति लिइ कार्यरत शिक्षकलाई सम्झनु पर्छ।

(ड) "माध्यमिक तह" भन्नाले विद्यालयको कक्षा ९ देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

मिति:

(ढ) "व्यवस्थापन समिति" भन्नाले विद्यालयको सञ्चालन, रखेदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ण) "शिक्षक" भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनु पर्छ एवम् सो शब्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेतलाई जनाउँछ ।

(त) "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय एकाई, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(थ) "स्थानान्तरण" भन्नाले गाउँ पालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट गाउँ पालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनु पर्छ ।

(द) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ध) "जनशक्ति" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारी समेतलाई सम्झनु पर्छ ।

(न) अन्य शब्द, नामावली र पदको अर्थ पचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

३. अद्यावधिक गर्नु पर्नेः प्रत्येक विद्यालयले अध्ययनरत कक्षागत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीहरूको वर्गीकृत तथ्याङ्क सहितको विवरण IEMIS मा अद्यावधिक गर्नु पर्नेछ । विवरण अद्यावधिक गर्दा चालू शैक्षिक सत्र एवम् पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खानेगरी शिक्षक छनौट प्रक्रिया पुरा गरी नियुक्त कार्यरत स्थायी, अस्थायी, राहत शिक्षक, शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक तथा बालविकास शिक्षक एवम् कर्मचारीहरूको विवरण अद्यावधिक गरी IEMIS मा अपलोड तथा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

४. शिक्षक विद्यार्थी अनुपातः

सामान्यतया गाउँपालिकाले बालविकास कक्षा बाहेक विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा ३० (तीस) जना विद्यार्थी बराबर एक जना शिक्षक अर्थात् १:३० मानी गर्नु पर्नेछ ।

५. शिक्षक, कर्मचारी दरबन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रियाः

(क) अघिल्लो शैक्षिक सत्रको IEMIS विद्यार्थी भर्ना अभिलेख र विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थिति ,नतिजा, दुरी र बिषयगत शिक्षकहरुको उपलब्धतालाई मुख्य आधार बनाईनेछ ।

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत, बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा र गाउँपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको संख्यालाई आधार लिईनेछ ।क्रमशः गाउँपालिकाको दरबन्दीका शिक्षकहरुलाई व्यवस्थापन गर्दै दरबन्दी घटाउँदै लगिनेछ ।

(ग) दरबन्दी मिलानको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा गाउँपालिका अन्तर्गतका अन्य विद्यालयमा

प्रमाणित
मिति ...२०८१।११।०५

खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा न्यूनतम दरबन्दी भएका विद्यालयहरूमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको स्थानान्तरण गरिनेछ।

(घ) यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरूमा सो तहमा अध्यापन गर्ने गरी क्रमशः स्थानान्तरण गरिनेछ।

(ङ) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरूबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभाव सम्बोधन गरिनेछ।

(च) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ।

(छ) तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा स्थानान्तरण गरिनेछ।

(ज) सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरूमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा तथा पदपूर्तिको व्यवस्था गरिनेछ।

(झ) महिला तथा अपाङ्गता भएका शिक्षकहरूलाई सकभर घरपायक पर्नेगरी स्थानान्तरण गरिनेछ।

(ञ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको विद्यालयमा न्यूनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्राथमिक तहको पुल दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिमप्राप्त शिक्षकको विषय मिल्ने गरी स्थानान्तरण गर्न सकिनेछ।

(ट) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकाले सामान्यतया शिक्षा ऐन २०२८ (संशोधन
सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दी मिलानमा प्रभाव पर्ने गरी विषय परिवतर्न गरिने छैन।

(ठ) कुनै विद्यालयमा शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक दरबन्दी एकभन्दा बढी भएमा अनिवार्य विषयहरूको प्राथमिकताक्रममा विषयगत मिलान हुने गरी दरबन्दी सिर्जना,मिलान र पदपूर्ति गरिनेछ।

(ड) कुनै विद्यालयको दरबन्दी कट्टा गरी स्थानान्तरण गर्नु पर्ने भएमा सामान्यतया हाल रिक्त रहेको दरबन्दी, करार, राहत र स्थायीको स्थानान्तरण माग र कनिष्ठतालाई आधार लिइनेछ।

(ढ) दफा ८ अनुसार स्थानान्तरण गर्दा अपाङ्ग, गर्भवती र ६ महिना भन्दा कम उमेरको शिशु भएकी महिला शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि रहेको शिक्षकलाई सामान्यतया अपायक हुने गरी स्थानान्तरण गरिने छैन।

(ण) कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या उच्च, विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह सञ्चालित भएमा आवश्यकता अनुसार शिक्षक दरबन्दी थप गरिनेछ।

(त) दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी विद्यार्थी संख्या उच्च र शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरूमा स्थानान्तरण गरिनेछ।

प्रमाणित
मिति: २०७९।११।०१

(त) दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी विद्यार्थी संख्या उच्च र शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरूमा स्थानान्तरण गरिनेछ ।

(थ) आन्तरिक सरुवाका लागि प्राप्त निबेदनहरू मध्ये सामान्यतया माग तथा हाल बसोबास रहेको स्थानका तथा ज्येष्ठतालाई समेत आधार मानी काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापन गरिनेछ । तर यस प्रक्रियामा अपाङ्गता भएका र महिलाहरूलाई प्राथमिकता दिइनेछ ।

(द) पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्न सकिने छ ।

(प) यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास तथा स्थायी शिक्षकहरूलाई आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको निर्णय अनुसार काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ ।

(फ) विद्यालय समायोजनका क्रममा समाहित हुने विद्यालयमा कार्यरत जनशक्ति समाहित भएर जाने विद्यालयमा स्थानान्तरण हुनेछ तर समाहित भएर जाने विद्यालयमा जनशक्ति प्रयाप्त भएको अवस्थामा समायोजन भएर जाने विद्यालयको जनशक्तिलाई गाउँपालिकाको पूल दरबन्दीमा राखी आवश्यकतानुसार गाउँपालिका भित्रको जुनसुकै विद्यालयमा पदस्थापन गर्न सकिनेछ ।

(ब) कुनै विद्यालयको तह वा कक्षा समायोजनका क्रममा उक्त विद्यालयमा उक्त तहमा कार्यरत शिक्षक वा दफा ६ बमोजिम बढी हुने दरबन्दी गाउँपालिकाको पूल दरबन्दीमा राखी आवश्यकतानुसार गाउँपालिका भित्रको जुनसुकै विद्यालयमा पदस्थापन गर्न सकिनेछ ।

(भ.) विद्यालयका कक्षा तथा तह डाउनसाइज गरिएका विद्यालयमा विद्यार्थी सङ्ख्या तोकिएको मापदण्ड अनुसार पुरा भइ पुनः अपग्रेडको लागि माग भएमा गाउँ शिक्षा समितिले सिफारिस गर्नसक्ने छ ।

६. शिक्षक दरबन्दी कायम, मिलान तथा स्थानान्तरणका मुख्य आधारहरू:

(क) कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा i) कक्षा १-३ मा न्यूनतम विद्यार्थी संख्या ३३ जना भए २ ओटा दरबन्दी
कायम गर्ने ।

ii) कक्षा १-३ मा विद्यार्थी संख्या ३३ देखि ५० (पचास) जनासम्म भएमा ३ दरबन्दी कायम गर्ने ।

iii) कक्षा १-३ मा विद्यार्थी संख्या ५१ (एकाउन्न) जना वा सोभन्दा बढी भएमा र हाल ३ दरबन्दी भएकोमा यथावत ३ दरबन्दी कायम गर्ने तर दरबन्दी थप गर्नु पर्ने भएमा विद्यार्थी सङ्ख्या ९० (नब्बे जना नपसगसम्म दरबन्दी थप नगर्ने ।

iv) कक्षा १-३ मा विद्यार्थी संख्या ९० (नब्बे भन्दा बढी भए शिक्षक विद्यार्थी अनुपात १: ३० कायम गर्ने
।

v) कक्षा १-३ मा जम्मा विद्यार्थी संख्या ३० (तीस) भन्दा कम भएमा अनुसूची १ बमोजिम नजिकको विद्यालयलाई कक्षा घटाउने वा समायोजन गर्न सकिनेछ ।

(ख) कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा

i) कक्षा १-५ मा विद्यार्थी संख्या न्यूनतम ५० (पचास) जनासम्म भएमा न्यूनतम ३ दरबन्दी कायम गर्ने
।

ii) कक्षा १-५ मा विद्यार्थी संख्या ५६ देखि ९० (नब्बे सम्म भएमा ४ दरबन्दी कायम गर्ने ।

iii) कक्षा १-५ मा विद्यार्थी संख्या ९१ (एकानब्बे देखि १५० (एक सय पचास) सम्म भएकोमा ५ दरबन्दी कायम गर्ने ।

प्रमाणित
मिति: २०८१/११/०९

iv) कक्षा १-५ मा विद्यार्थी संख्या १५० (एक सय पचास) नपुगेसम्म दरबन्दी थप नगर्ने र सोभन्दा बढी भएमा ३० (तीस) विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

v) कक्षा १-५ मा विद्यार्थी संख्या ५५ भन्दा कम भएमा क्रमशः माथिल्लो कक्षाहरू घटाई अनुसूची १ बमोजिम नजिकको विद्यालयमा समायोजन गर्ने ।

(ग) कक्षा ६-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा:

i) कक्षा ६-८ मा विद्यार्थी संख्या न्यूनतम ३३ (तीस) देखि ८० (असी) सम्म भएमा ३ दरबन्दी (अंग्रेजी, गणित/विज्ञान, नेपाली) कायम गर्ने ।

ii) कक्षा ६-८ मा विद्यार्थी संख्या ८१ (एकासी) देखि १५० (एकसय पचास) सम्म भएमा ४ दरबन्दी ( अंग्रेजीं, गणित/विज्ञान, नेपाली, सामाजिक अध्ययन) कायम गर्ने ।

iii) कक्षा ६-८ मा विद्यार्थी संख्या १५० (एकसय पचास) भन्दा बढी भएमा ३० जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी थप कायम गर्ने ।

iv) कक्षा ६-८ मा विद्यार्थी संख्या ३३ (त्यात्तिस) भन्दाकम भएमा अनुसूची १ बमोजिम तह वा कक्षा घटाई घटेको कक्षा नजिकको विद्यालयमा समायोजन गर्ने ।

(घ) कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा: i) तह अनुसार न्यूनतम विद्यार्थी संख्या भएमा शिक्षा नियमावली २०५९(संशोधन सहित) को अनुसूचीमा उल्लेखित न्यूनतम प्राथमिक तहमा ३, आधारभूत तह (कक्षा ६-८) मा ४ र माध्यमिक तहमा ५ (अंग्रेजी, गणित,विज्ञान, नेपाली, सामाजिक अध्ययन) दरबन्दी कायम गर्ने ।

ii) तहगत रुपमा दरबन्दी थपघट गर्नुपर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

iii) माध्यमिक तह (९-१०) मा विद्यार्थी संख्या २०० (दुईसय) भन्दाबढी भएमा ३० (तीस) जना विद्यार्थी बराबर १ शिक्षकको अनपुातमा दरबन्दी कायम गर्ने ।

iv) माध्यमिक तह (९-१०) मा प्रतिकक्षा ११ जना भन्दा कम विद्यार्थी संख्या भएमा अनुसूची १ बमोजिम तह वा कक्षा घटाई घटेको कक्षा नजिकको विद्यालयमा समायोजन गर्ने ।

(ङ) माध्यमिक तहको कक्षा ११-१२ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा:

i) माध्यमिक तह (११-१२) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन प्राप्त हुने दरबन्दी र निर्देशिकाको आधारमा गर्ने ।

(च) प्रारम्भिक बालविकास कक्षा र शिक्षक सम्बन्धमा

i) हाल प्रारम्भिक बालविकास शिक्षक दरबन्दी नभएको तर बालविकास कक्षा सञ्चालन गरिरहेको विद्यालयलाई न्यूनतम १ कोटा प्रदान गर्ने ।

ii) प्रारम्भिक बालविकास कक्षामा २० जना बालबालिका बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्ने र ४० जनासम्मका लागि २ जना र ४० भन्दाबढी बालबालिका भएको अवस्थामा प्रति २० जना बराबर १ शिक्षकका दरले दरबन्दी कायम गर्ने ।

प्रमाणित प्रतिलिपि
मिति: २०६९।११।०४...

iii) कुनै विद्यालयले आफ्नै स्रोतमा नसरी, एल.के. जी., यु. के. जी. र अंग्रेजी माध्यममा सञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी संख्या बालविकास कक्षामा गणना गर्ने ।

iv) प्रारम्भिक बालविकास शिक्षकको दरबन्दी मिलान गर्दा बालविकास शिक्षकलाई सकेसम्म निजको घर नजिकको विद्यालयमा स्थानान्तरण गर्ने ।

(ख) संघीय सरकार तथा प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि गाउँ शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरण गर्नेछ ।

७. दरबन्दी मिलान कार्य गर्नको लागि निम्नानसुारको पकृया अवलम्बन गर्नुपर्छ ।

(क) गाउँ कार्यपालिकाले सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, सामुदायिक माध्यमिक/आधारभूत विद्यालयका प्रधानाध्यापक - १, गाउँ शिक्षा समितिले तोकेको सदस्य - १ र प्रमुख प्रशासकीय अधिकृत-१ हुने गरी ५ (पाँच) सदस्यीय एक कार्यदल गठन गर्नेछ।

(ख) कार्यदलले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक संख्या लगायतका सबै क्षेत्रको अध्ययन तथा छलफल गरी विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान र व्यवस्थापनका लागि दरबन्दी कायम, कटौती र थप हुने विद्यालयहरूको विवरण सहित गाउँ शिक्षा समितिमा सिफारिस सहितको प्रतिवेदन पेश गर्नेछ ।

(ग) कार्यदलको सिफारिस सहितको प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिबाट निर्णय भए बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले दरबन्दी मिलानको प्रक्रिया अगाडि बढाउनेछ ।

(घ) शाखाले दरबन्दी मिलानका क्रममा कटौती वा थप भएको विद्यालयलाई सात दिनभित्र दरबन्दी कटौती वा थप भएको जानकारी गराउनेछ ।

(ङ) शाखाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले १ (एक) महिनाभित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी सम्बन्धित निकायहरूलाई जानकारी गराउनेछ ।

(च) विद्यालयहरूले दरबन्दी मिलानको क्रममा शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्थानान्तरण गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर गाउँएमा सम्बन्धित विद्यालयलाई गाउँ पालिकाबाट निकासा हुने तलब भत्ता लगायत सम्पूर्ण अनुदान रकम रोक्का गरिनेछ ।

(छ) यस कार्यविधि बमोजिम स्थानान्तरण गरी खटिई आउने शिक्षकलाई कुनै विद्यालयले नियमानुसार हाजिर हुन नदिएको खण्डमा उक्त शिक्षकलाई निजको दरबन्दी सहित गाउँ पालिका भित्रको शिक्षक आवश्यक भएको अर्को विद्यालयमा स्थानान्तरण गरिनेछ ।

८. गाउँपालिकाबाट शिक्षक सहयोग अनुदान कोटा थप सम्बन्धमा : गाउँ कार्यपालिकाले कार्यविधि बनाई आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

९. स्थानान्तरण भएको स्थानमा जानुपर्ने : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरू प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य हाजिर भई कामकाज गर्नु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

प्रमाणिकरण
मिति: २०८९/१/०२

१०. हाजिर गराई कामकाजमा लगाउनु पर्नेः
दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउनु पर्ने छ ।
११.समायोजन भएपछि बन्ने विद्यालयको व्यवस्थापनः क) दुई वा सो भन्दा बढी विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले नै निरन्तर रुपमा कार्य गर्नेछ । समायोजनकै कारण समायोजन पश्चात नयाँ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन हुने छैन ।

ख) दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन पछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा वहन गर्नेछ । तर विद्यालयको तह वा स्तरवृद्धि हुने गरी विद्यालय समायोजन भएको अवस्थामा विद्यमान प्रधानाध्यापक शिक्षा ऐन तथा नियमावली र स्थानीय तहको शिक्षा ऐन तथा नियमावली वा कार्यादेश अनुसारको योग्यता र अनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानून बमोजिम नयाँ प्रधानाध्यापक छनोट गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ ।
१२. प्रधानाध्यापक जिम्मेवार हुनेः यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।
१३. विद्यार्थी र अभिलेख व्यवस्थापनः यस कार्यविधि बमोजिम पूर्ण समायोजन भैइजाने विद्यालयले समायोजित हुने विद्यालयमा आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी र विद्यालयको सम्पूर्ण अभिलेख तथा जायजेथा जिम्मा लगाउनुपर्नेछ । तर बालकक्षा भने त्यहि विद्यालयमा चल्नेछ ।
१४.संशोधन तथा बाधा अडकाउ फुकाउः यस कार्यविधिको आवश्यक व्याख्या, सशांधेन तथा अनसुची थपघट गनर्पुर्ने बाञ्छनीय भएमा कायर्पालिकाले सशांधेन गर्नेछ ।

प्रमाणिकरण
मिति: २०८१/१२/१०

अनुसूची १

## विद्यालयको कक्षा तथा तह घटाउने, एकीकरण तथा तह/कक्षा समायोजनका आधारहरु

## विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु

विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु: विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु देहाय बमोजिम हुनेछन् :

१. विद्यालय आवतजावत गर्न लाग्ने समय : विद्यालयहरु बीचको दुरी ३ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

२. विद्यार्थी सङ्ख्या :

भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थी सङ्ख्या नभएका नजिकैको विद्यालयहरु,

| तह/कक्षा | विद्यालयको तह | | | | |
|---|---|---|---|---|---|
| | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
| न्युनतम विद्यार्थी संख्या | ३३ | ५५ | ३३ | २२ | २२ |

३. जनसङ्ख्या :

राष्ट्रिय जनगणना वा स्थानीय तहको तथ्याङ्कका आधारमा विद्यालय रहेको समुदायको घरधूरी सङ्ख्या कम भएका र जनसङ्ख्या वृद्धिदर न्यून भएको समुदायमा अवस्थित विद्यालयहरु,

४. विद्यालयको स्तर वृद्धि :विद्यालयको स्तर वृद्धिका लागि आवश्यक विद्यार्थी संख्या, भौतिक अवस्था र समुदायबाट

(ख) संघीय सरकार तथा प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि गाउँ शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरण गर्नेछ ।पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरुवीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु,

५. माध्यमिक तहमा ठूला विद्यालय ( Big School)सञ्चालन गर्न : समुदायमा नजिक नजिकको दूरीमा सञ्चालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहको ठूला विद्यालय सञ्चालन गर्न सहमत भएका दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक सिकाइ वातावरण सहितको ठूला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन गर्न,

६. आवासीय विद्यालय संचालन :एक तहबाट अर्को तहको विद्यालयमा भर्ना भई उपल्लो कक्षाहरुमा पढाइलाई निरन्तरता दिन भौगोलिक विकटता भएका स्थानका बालबालिका उनीहरुको उमेर विद्यालय आवत जावतमा लाग्ने, विद्यालयहरु बीचको दूरी सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानहरुका बालबालिकालाई लक्षित गरी उनीहरु सबैलाई पायक पर्ने स्थानमा आवासीय सार्वजनिक विद्यालय सञ्चालन गर्न,

७. नमूना विद्यालय विकास :दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाउन स्थानीय तहको निर्णय बमोजिम उत्कृष्ट विद्यालयका रुपमा नमूना विद्यालय विकास गर्न,

मिति: २०७९।११।०५

८. विद्यालय नक्साङ्कन: स्थानीय तहले हाल सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनका लागि जिपिएस पद्धतिमा आधारित नक्साङ्कन तयार गरी दीर्घकालीन रुपमा विद्यालयहरुको पुनर्व्यवस्थापन गर्न ।

प्रमाणिकरण
मिति: २०८१.११.०४